# जनकपुर उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

जनकपुरधामको

# अत्यन्त जरुरी सूचना

यस उप(महानगरपालिका क्षेत्र भित्र निर्माण भएका घरहरुको नक्सा पास सम्बन्धमा तेश्रो नगर परिषदबाट तपसील बमोजिमको निर्णयहरु भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*तपसील*

१ यस उप महानगरपालिका अन्तर्गत थप भएका नयाँ वडाहरुमा साविक गाविस हुँदा बखत निर्माण भएको पक्की घरहरुको नक्सा पासको लागी साविकको भवन विनियमावली (मापदण्ड) अनुसार मिति २०७३ चैत १५ गते देखी ३ महिनाको म्याद दिई उक्त म्याद भित्र पेश भएका नक्सा पास गर्ने तथा तत्पश्चात उप महानगरपालिकामा गाभिइ वडा कायम भई निर्माण भएका घरहरुको हकमा बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, २०७२ बमोजिम नक्सा पास गर्ने निर्णय गरियो ।

२ यस उपमहानगरपालिका अन्तर्गत बिना नक्सा पास इजाजत लिई घर निर्माण भएका घरहरुको हकमा बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड २०७२ (भवन निर्माण सहित बाहेक) पालना गरी निर्माण भएका घरहरु उपमहानगरपालिकाको दस्तुर ३०० प्रतिशत वा बढीमा रु.१,००,०००। जबिाना लिई नियमानुसार नक्सा पास गर्ने निर्णय गयिो । साथै साविकमा पास भएमा भूई तल्ला घरमाथि पहिलो तल्ला वा दोस्रो तल्ला थप गर्नको लागि प्राविधिक प्रतिवेदन अनुसार भूई तल्लाको पिलरहरुमा कम्तिमा 12 mm dia को ४ वटा फलामे डण्डी राखेकोमा पहिलो तल्लासम्म र कम्तिमा 12mm dia को ६ वटा फलामे डण्डी राखेकोमा दोस्रो तल्लासम्मको मात्र इजाजत दिने निर्णय गरियो ।

*कार्यकारी अधिकृत*